




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २३ गते शनिबार ❑ 9 Oct. 2021 ❑ पृष्ठ ६ ❑ मूल्य रू. २।-


## मन्त्रिपरिषद् विस्तार

**रासस**
**काठमाडौं, २२ असोज**



राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ।

राष्ट्रपति कार्यालय शीतल निवासमा शुक्रबार आयोजित समारोहमा नवनियुक्त मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले आजै मन्त्रिपरिषद्को विस्तार गर्नुभएको हो । शुक्रबार विस्तारित मन्त्रिमण्डलअनुसार राजेन्द्रप्रसाद श्रेष्ठ सङ्घीय मामिला तथा सामान्य प्रशासन, विरोध खतिवडा स्वास्थ्य तथा जनसङ्ख्या, डा मीनेन्द्रप्रसाद रिजाल रक्षा, उमाकान्त चौधरी खानेपानी, रेणुकुमारी यादव भौतिक पूर्वाधार तथा यातायात, प्रेमबहादुर आले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, दिलेन्द्रप्रसाद बडू कानून, न्याय तथा संसदीय मामिला र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ लिनुभयो।

त्यस्तै महेन्द्रराय यादव कृषि तथा पशुपन्छी विकास, उमा रेग्मी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शशि श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, रामकुमारी झाँक्री सहरी विकास, गजेन्द्रबहादुर हमाल उद्योग, वाणिज्य तथा आपूर्ति, रामसहायप्रसाद यादव वन तथा वातावरण, कृष्णकुमार श्रेष्ठ श्रम, रोजगार तथा सामाजिक सुरक्षा, महेश्वरजंग गहतराज युवा तथा खेलकूदमन्त्रीले पनि आजै राष्ट्रपति समक्ष पथ तथा गोपनीयताको शपथ लिनुभएको हो । प्रधानमन्त्री देउवा समक्ष नवनियुक्त राज्यमन्त्री द्धय भवानीप्रसाद खापुङ र बोधमायाकुमारी यादवले पद तथा गोपनीयताको शपथ लिनुभयो।

समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, संवैधानिक अङ्गका प्रमुख, मुख्यसचिव, प्रधानसेनापतिलगायतको उपस्थिति थियो।

समारोहमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्रयादवलगायत उपस्थिति थियो । नवगठित मन्त्रिमण्डलमा ११ जना नयाँ अनुहार हुनुहुन्छ। गत असार २९ गते गठन भएको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार आज चौथो पटक विस्तार भएको हो । सरकार गठन भएकै दिन कांग्रेस र माओवादी केन्द्रका तर्फबाट दुई/दुई जना मन्त्री भएका थिए । स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठ र पछिल्लो पटक परराष्ट्र मन्त्रीमा डा नारायण खड्कालाई नियुक्त गरिएको थियो । मन्त्रिमण्डलमा कांग्रेसका तर्फबाट एक राज्यमन्त्रीसहित नौ, माओवादीका तर्फबाट एक राज्यमन्त्रीसहित छ, नेकपा(एकीकृत समाजवादी)का तर्फबाट एक राज्यमन्त्रीसहित पाँच र जनता समाजवादीका तर्फबाट चार मन्त्री हुनुहुन्छ। पाँच दलीय गठबन्धनमा रहेको राष्ट्रिय जनमोर्चाले भने सरकारमा सहभागी नभई समर्थन गर्ने भएको छ । नवगठित मन्त्रिपरिषदमा ६ जना महिला हुनुहुन्छ।

## विश्वविद्यलायमा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र तथा आवास गृह बन्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

पोखरा विश्वविद्यालयमा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र तथा आवास गृह बन्ने भएको छ।

ओपन इन्टरनेशनल रिसर्च सेन्टर एण्ड गेष्ट हाउसका रुपमा बन्न लागेको उक्त भवन पोखरा विश्वविद्यालयका शिक्षण संस्थाहरूको सङ्घ नेपाल (ओपन) द्वारा विश्वविद्यालयको रजतजयन्तीको अवसरमा पोखरा विश्वविद्यालयसँग सहकार्य गरी निर्माण गर्न लागिएको हो।

करिब रु १२ करोडको लागतमा निर्माण हुने उक्त भवन पोखरा महानगरपालिका वडा नं ३० स्थित विश्वविद्यालयको प्राङ्गण लेखनाथमा अवस्थित ११४ रोपनी प्लटको डि ब्लकमा निर्माण हुनेछ। दुई वर्षमा निर्माण सम्पन्न गरी हस्तान्तरणको योजना बनाइएको भवन करिब चार हजार वर्गफिट प्रतितलाका दरले सम्पूर्ण पूर्वाधारसहित चार तला र सुविधा सम्पन्न ३३ ओटा कोठा र हल रहने जनाइएको छ।

पोखरा विश्वविद्यालयको समग्र उन्नयन एवम् शैक्षिक तथा अनुसन्धानात्मक वातावरणलाई विश्वस्तरीय बनाइ विश्वविद्यालयको छवि उच्च बनाउने उद्देश्यस्वरूप विश्वविद्यालयबाट सम्बन्धनप्राप्त ५८ वटा कलेजहरूले अन्तर्राष्टियस्तरको अनुसन्धान केन्द्र तथाआवास गृह निर्माण गर्न लागेका हुन। निर्माणाधिन भवनको शुक्रबार एक कार्यक्रमकाबीच पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्याललले शिलान्यास गर्नुभयो । उपकुलपति अर्याललले विश्वविद्यालयलाई सबैले पवित्रस्थलको रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै यसको विकास भएमा मात्र समाजको उन्नति हुने बताउनुभयो । विश्वविद्यालयमा नयाँनयाँ अनुसन्धान र परिवर्तनको अझ खाँचो रहेको बताउँदै उहाँले ओपनले निर्माण गर्न लागेको अन्तर्राष्टिय अनुसन्धान केन्द्र तथा आवास गृहले विश्वविद्यालयलाई थप उचाईमा लैजाने विश्वास व्यक्त गर्नुभयो। विश्वविद्यालयका रजिष्ट्रार डा दिपकबहादुर भण्डारीले विश्वविद्यालय सबैको साझा संस्था भएकाले यसको विकासमा सबै एकै ठाउँ र समूहमा बसेर काम गर्नुपर्नेमा जोड दिनुभयो। विश्वविद्यालयको व्यवस्थापन सङ्कायका डीन डा दयाराज ढकाल, ओपनका अध्यक्ष एवं नोबेल कलेजका संस्थापक/प्राचार्य नवराज पाण्डे, अक्सफोर्ड कलेज अफ इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्टका संस्थापक/प्राचार्य तथा भवन निर्माण समितिका संयोजक हरि भण्डारी, लेखनाथ नगरपालिकाका पूर्व प्रमुख विष्णु पोखरेल, पोखरा महानगरपालिका वडा नं. ३० का वडाअध्यक्ष श्रीराम पोखरेल, कामु उपप्रशासक रोशन पाण्डे लगायतले निर्माणाधीन अनुसन्धान केन्द्र तथा आवास गृहले विश्वविद्यालयको समग्र उन्ननयनमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

## देश र जनताप्रति इमान्दार भएर काम गर्न प्रधानमन्त्रीको निर्देशन

**रासस**
**काठमाडौं, २२ असोज**

प्रधानमन्त्री शेरबहादुर देउवाले जनअपेक्षाअनुसार प्रभावकारी नतिजा निकाल्ने गरी काम गर्न नवनियुक्त मन्त्रीलाई निर्देशन दिनुभएको छ।

मन्त्रिमण्डलको विस्तारपछि शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले देश, जनताको आवश्यकताअनुसार उत्साह र इमान्दार भएर जनताको अपेक्षालाई सम्बोधन गर्ने गरी काम गर्न निर्देशन दिनुभएको हो। मन्त्रिपरिषदले् पूर्णता पाएपछि पहिलो पटक मन्त्रिपरिषद्को पूर्ण बैठक बसेको हो । उहाँले देश, जनताको चाहनाअनुसार इमान्दार भएर काम गर्न निर्देशन दिनुभएको नवनियुक्त सञ्चार तथा सूचना प्रविधि मनत्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । बैठकले लागू हुने गरी सरकारको प्रवक्ताको समेत जिम्मेवारी मन्त्री कार्कीलाई नै दिएको छ। यसअघि पनि उहाँ नै सरकारको प्रवक्ता हुनुहुन्थ्यो। बैठकमा प्रधानमन्त्रीले नवनियुक्त मन्त्रीहरूका कार्यकालको पूर्ण सफलताको कामनासमेत गर्नुभएको थियो।

बैठकले सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड २०७८ लाई स्वीकृत गरेको प्रवक्ता कार्कीले जानकारी दिनुभयो। यस्तै, मन्त्रिपरिषद्का समितिको पनि पुनःगठन गरिएको छ । नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गजेन्द्रबहादुर हमालका सम्बन्धमा गलत प्रचार गरिएको भन्दै भ्रममा नपर्नसमेत सरकारले आग्रह गरेको छ।

नेपाली कांग्रेसको तर्फबाट प्रधानमन्त्री देउवाले हमाललाई नियुक्त गर्नुभएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो । उहाँले नवनियुक्त मन्त्री हमाललाई प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग जोडेर आएको समाचारमा कुनै सत्यता नरहेको उल्लेख गर्नुभयो। नवनियुक्त मन्त्री हमालले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको र सोही आधारमा कांग्रेसका तर्फबाट नियुक्त हुनुभएको मन्त्री कार्कीको भनाइ छ।

## विधेयक फिर्ता लिने प्रस्ताव स्वीकृत

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

प्रतिनिधि सभाको शुक्रबारको बैठकले प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को अवरोधकै बीच विधेयक फिर्ता लिने प्रस्ताव स्वीकृत गरेको छ।

बैठकमा प्रधानमन्त्री एवं सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री शेरबहादुर देउवाको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले 'सङ्घीय निजामति सेवा विधेयक, २०७५' फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावलाई बहुमतले स्वीकृत गरेको हो । उक्त प्रस्ताव स्वीकृत गर्नुपूर्व बैठकले नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राख्नुभएको विरोधको सूचनालाई बहुमतले अस्वीकृत गरेको थियो।

विरोधको सूचना प्रस्तुत गर्दै सांसद सुवालले प्रधानन्यायाधीशले वर्तमान सरकारमा भागबण्डा खोजेको भन्ने समाचार आइरहेको भन्दै उक्त विषयमा स्पष्ट पार्न माग गर्नुभएको थियो । जवाफमा कानुनमन्त्री कार्कीले प्रधानन्यायाधीशले सरकारमा सहभागिताका लागि कोटा माग गरेको भन्ने समाचारमा कुनै सत्यता नभएको बताउँदै कोही कसैलाई पनि भ्रममा नपर्न अनुरोध गर्नुभयो । त्यसैगरी बैठकले राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा विचाराधीन रहेको 'रेल्वे विधेयक, २०७६' फिर्ता लिनका लागि राष्ट्रियसभाको सहमतिको लागि सिफारिस प्राप्त गर्ने प्रस्तावलाई पनि बहुमतले स्वीकृत गरेको छ।

प्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री देउवाको तर्फबाट मन्त्री कार्कीले राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको 'रेल्वे विधेयक, २०७६' फिर्ता लिनको लाागि राष्ट्रियसभाको सहमतिको लागि सिफारिस प्राप्त गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

## काँग्रेसमा रुपान्तरणको खाँचो छ : नेता गुरुङ

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २२ असोज**



नेपाली काँग्रेसका केन्द्रीय सदस्य धनराज गुरुङ्ले काँग्रेसमा रुपान्तरणको खाँचो रहेको बताएका छन् । नेपाली काँग्रेसलाई समय अनुसार परिवर्तन गर्न नसक्दा पार्टी कमजोर बन्दै जान थालेको उनले बताए।

नेपाली काँग्रेसको १४ औं महाधिवेसनबाट निर्वाचित भीरकोट नगर कार्यसमितिको पदस्थापन तथा शुभकामना आदानप्रदान कार्यक्रममा काँग्रेस नेता गुरुङ्ले पार्टीमा रुपान्तरणको खोजी गनुपर्ने अवस्था आएको बताएका हुन् । पार्टीमा निरन्तर लाग्ने व्याक्तिको पहिचान हुनु आवश्यक छ उनले भने,'पाटीमा योगदान गर्ने नेताको खोजी हराउदा पार्टीले क्षेती व्यहोनुपरेको छ ।प्र पार्टीको संगठकहरुको मुल्याङ्कन हुनु जरुरी रहेको उनले बताए । पाटीमा निरन्तरता नदिने व्याक्तिहरु हराउदै जान्छन् भन्दै संविधान सभाका सदस्य समेत भएका गुरुङ्ले व्याक्तिहरु बदलिनुपर्ने धारणा व्यक्त गरे । पार्टीलाई बलियो बनाउन आफैबाट बदलिनुपर्ने बताउदै काँग्रेस नेता गुरुङ्ले नेताहरु नबदलिदा पार्टी समस्या आउने गरेको बताए। पार्टी भित्र र बाहिर भष्टाचार मौलाउदै गएको उदाहरण दिदै नेता गुरुङ्ले ठुला ठुला भष्टचारका काण्डहरु छानविनको दायरामा ल्याउनु पर्ने धारणा राखे। पार्टीलाई गुटबन्दी भन्दा माथी राखेर अगाडी बढाउनु पर्ने धारणा राख्दै नेता गुरुङ्ले जसले गुटको राजनीति गर्छ त्यस्ता नेताहरुलाई बहिष्कार गर्नुपर्ने बताए।

काँग्रेसमा लागेका नेता तथा कार्यकर्ताले निरासाको भन्दा पनि आशााको दियो बालेर अगाडी बढ्नुपर्ने सुझाव गुरुङ्ले दिए।

१४ औं महाधिवेसनको संघारमा काँग्रेस लागिरहेकाले पार्टीलाई बलियो र मुल्याङ्कन गर्न सक्ने नेतृत्व छनोट गर्न सबै क्षेत्रीय प्रतिनिधिहरुलाई आग्रह गरे । कार्यक्रममा कार्यबहाक सभापति बुद्धिबहादुर राना, पुर्व पाटी सभापति खगेन्द्रराज रेग्मी, महासमिति सदस्य छायाराम खनाल, महाधिवेसन प्रतिनिधि गोविन्द कुमार कर्मचार्य लगायतका बक्ताहरुले पार्टीको महाधिवेसन समयमै गर्न नेतृत्वलाई सुझाव दिएका थिए। नेपाली काँग्रेस भीरकोट नगर कार्यसमितिमा निर्वाचित सभापति यामप्रसाद अधिकारी(लक्ष्मण) लगायतको टिमलाई सभापति तोयनाथ अर्याललले पार्टीको सबै जिम्मेवारी हस्तान्तरण गरेका थिए।




# राष्ट्रिय ए डिभिजन फुटसल लिगको उपाधि क्यासललाई

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

राष्ट्रिय ए डिभिजन फुटसल लिगको उपाधि स्पोर्ट्स क्यासलले जितेको छ । पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा भएको फाइनल खेलमा काठमाडौँको शंखमुल फुटसललाई ४-२ गोल अन्तरले हराउँदै क्यासलले उपाधी घरमै राख्न सफल भएको हो । उपाधीसंगै क्यासलले नगद १० लाख रुपैँयाको साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । उपविजेता शंखमुलले ५ लाख रुपैँया प्राप्त गऱ्यो ।



क्यासलले खेलको छैटौँ मिनेटमा विजय गुरुङको गोलमा अग्रता लिएको थियो । शंखमुलका लक्ष्मण थापा मगरले ११ औं मिनेटमा बराबरी गोल फर्काए । खेलको २० औं मिनेटमा क्यासलका किशोरले गोल गर्दै अग्रता पुनः लिए । पहिलो हाफमा २-१ को अग्रता लिएको क्यासलले दोस्रो हाफमा समेत २ गोल गऱ्यो । २१ औं मिनेटमा किशोरको व्यक्तिगत दोस्रो गोलमा क्यासलले ३-१ को अग्रता लियो । २३ औं मिनेटमा शंखमुलका मणि लामाले गोल गर्दै अग्रता घटाएपनि जित हातपार्न भने सकेन् । क्यासलका किशोरले ३९ औं मिनेटमा गोल गर्दै ह्याट्रिक पुरा गरे । क्यासललाई उपाधि जिताउन किशोर गुरुङले ह्याट्रिक पुरा गरे । असोज २ गतेदेखि लिग संचालन भएको थियो ।

लिगमा ७ प्रदेशका १० टिमको सहभागिता रहेको थियो । क्यासल लिगको शिर्षस्थानमा रहँदै प्लेअफमा पुगेको हो । प्ले अफमा द राईजिङ क्लब धरानलाई हराउँदै फाइनल प्रवेश गरेको थियो । उता शंखमुल लिग तालिकाको तेस्रो स्थानको टिम हो । तेस्रो स्थान रहँदै एलिमेटर खेलमा अर्को घरेलुटोली सविनमेमोरियललाईहराउँदैक्वालिफाइमा पुगेको थियो । क्वालिफाइमा राइजिङलाई नै हराउँदै फाइनल प्रवेश गरेको थियो । लगातार चार खेल खेलेका कारण खेलाडी निकै थकित भएको शंखमुलका प्रशिक्षक प्रकाश परियारले बताए । उनले खेलाडीले सोच भन्दा राम्रो खेल खेलेको प्रतिक्रिया दिए । उनले नेपालमै पहिलो पटक वास्तविक फुटसल खेलिएको बताए । यस्तै जितसंगै क्यासलका मुख्य प्रशिक्षक विष्णु गुरुङले आफूहरु जितको हकदार भएको प्रतिक्रिया दिए । 'मलाई मेरो खेलाडीमा विश्वास थियो हामिले उपाधी जित्छौँ भन्नेमा उनले भने,' आजको खेलमा दबाब त थियो नै तर, दर्शकको हौसलाले पनि हामीलाई साथ दियो ।'

# बृहत फेदीखोला पोखरा सम्पर्क समाजमा क्षेत्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

स्याङ्जा जिल्लाको फेदिखोला गाउँ पालिका जन्म भइ विभिन्न कारणले पोखरामा बसोबास गर्ने हरु बीच भाइचारा र सहयोग आदन प्रदान गर्ने उद्येश्यले स्थापना भएको बृहत फेदिखोला पोखरा सम्पर्क समाजको प्रथम अधिबेशन सम्पन्न भयो ।

बृहत फेदीखोला पोखरा सम्पर्क समाजको दोश्रो साधारण सभा तथा प्रथम अधिवेशनले कृष्ण बहादुर क्षेत्रीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ ।



समितिको प्रथम उपाध्यक्षमा जगदिश लामिछाने, दितिय उपाध्यक्षमा विजय पौडेल, सचिवमा लालबहादुर कार्की, कोषाध्यक्षमा कुल बहादुर रानाभाट (मन), सहसचिवमा मीन प्रसाद सुवेदी र सदस्यहरुमा हुम बहादुर खत्री, राजकुमार क्षेत्री (जित), नरेन्द्रकुमार कार्की, विकास गुरुङ, रोहणी रहण पौडेल, राम्जी प्रसाद शर्मा पनेरु र झम्क नाथ सुवेदी सर्वसम्मत चयन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका माननीय वन, वातावरण तथा भुसंक्षरण मन्त्री दिपक चर्ती मगरले उदघाटन गर्दै सामाजिक संघसंस्थाहरु सरकारका सहयोगी भएको वताउँदै समाजमा उल्लेखनीय कार्य गर्न स्थानीय निकायहरु संग सहकार्य गर्दै कार्यक्रम गर्न सुझाव दिएका थिए ।

संस्थाका सल्लाहकार घनश्याम शर्मा लामिछानेको संयोजकत्वमा गठित ३ सदस्यीय निर्वाचन मण्डलमा कानुनी सल्लाहकार टंक पौडेल र प्रेस संयोजक पत्रकार कृष्ण रानाभाट रहेका थिए । निर्वाचन समितिले सर्वसम्मत निर्वाचन गराउन सहयोग गर्ने सम्पुर्णलाई धन्यवाद दिदैं नवनिर्वाचित कार्य समितिलाई कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । त्यसै गरी सो अवसरमा सल्लाहकार घनश्याम शर्मा लामिछानेले पचास हजारको अक्षयकोषको घोषणा गरेका थिए भने आजिवन सदस्य कमल रानाभाटले दुई हजार सहयोग गरेका छन् ।

संस्थाका अध्यक्ष अबिलास गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कृष्ण बहादुर क्षेत्रीले र संचालन सचिव जगदीश लामिछानेले गरेका थिए ।

# नौलो घुम्ती नेपालको २० औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

राष्ट्रिय स्तरमा सामाजिक कार्यमा सकृय गैरसरकारी संस्था नौलो घुम्ती नेपालको २० औं बार्षिक साधारण सभा तथा सामाजिक परिक्षण शुक्रबार सम्पन्न भएको छ ।



साधारण सभाको प्रमुख अतिथि जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष बैन बहादुर क्षेत्रीले आफू जिल्ला समन्वयको अध्यक्ष भए पछी साच्चिकै सामाजिक सेवा गर्ने र कागज मात्रै गर्ने गरी दुई खालका गैरसरकारी संस्था रहेकोमा नौलो घुम्ती नेपालले आफुलाई अग्रपंक्तिमा राख्न सकेकोमा बधाई दिएका थिए । उनले शिक्षा र स्वास्थमा पहिलो प्राथमिकतामा राख्नुपर्नेमा नेपालका राजनीतिक नेताहरु चुकेको बताउदै बिगतमा जुन क्षेत्रमा लगानी गर्नुपर्ने हो त्यही क्षेत्रमा लगानी गर्ने परिपाटी नरहेकोमा अब सुधार गर्नुपर्ने बताए । सो अबसरमा संस्थापक अध्यक्ष प्रेम बहादुर श्रेष्ठ, पुर्व अध्यक्ष महेश गुरुङ, रिकभरी नेपालका अध्यक्ष शिव न्यौपाने, पुर्व अध्यक्ष तथा गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष पदमराज पहारी, निवर्तमान अध्यक्ष खड्गबहादुर रानाभाट, पोखरा १७ का वडा सदस्य शान्त कुमारी गुरुङ, पोखरा ६ का वडा सदस्य राममाया बिश्वकर्मा, वडा प्रहरी कार्यलय बैदामका प्रहरी निरीक्षक बद्री पौडेलले शुभकामना मन्तव्य दिएका थिए । सो अबसरमा अध्यक्ष योगराज पौडेलले संस्थाको प्रतिबेदन, महासचिव मंगल नेपालीले संस्थाको बार्षिक प्रगति प्रतिबेदन र कोषाध्यक्ष महेन्द्र गुरुङले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए । पत्रकार पुण्यप्रसाद पौडेलले संस्थाले आब २०७७/७८ मा संस्थाले गरेका कामहरुले समाजमा कस्तो प्रभाव पऱ्यो भन्ने बारेमा सामाजिक परिक्षण प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष योगराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष बद्री बिनोद प्रतीकले र संचालन महासचिव मंगल नेपालीले गरेका थिए ।

# ७६४ संक्रमित थपिए

**रासस**
**काठमाडौं, २२ असोज**

पछिल्लो २४ घण्टामा देशभर ७६४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार १० हजार ६८८ जनामा कोरोना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

शुक्रबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित सङ्ख्या १५ हजार ६१४ रहेका छन् । पाँच सय बढी सङ्क्रमित भएका जिल्ला आठ र २०० बढी सङ्क्रमित भएका जिल्ला २० छन् । पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही छन् । सङ्क्रमण दर १८.७ प्रतिशत छ । सो अवधिमा एक हजार ३३ जना सङ्क्रमणमुक्त भएका छन् । हालसम्म सात लाख ७४ हजार १७३ जना सङ्क्रमणमुक्त भइसकेका छन् । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.७ प्रतिशत छ । यस्तै सङ्क्रमणबाट शुक्रबार १० जनाको मत्यु भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार २१० जनाको मृत्यु भइसकेको छ । हाल देशभर ३१३ जना सघन उपचार कक्ष (आइसीयू), ११३ जना भेन्टिलेटर, १४ हजार ४६१ जना होम आइसोलेसन, एक हजार १५३ जना संस्थागत आइसोलेशन र २४१ जना क्वारेन्टिनमा छन् । आज ४३ हजार ९४१ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ८० लाख ४१ हजार ५९४ पहिलो मात्रा र ६४ लाख ४१ हजार ६३२ पूर्णमात्राको खोप लगाइसकेका छन् ।

# विकास नेपालको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

पोखरा असोज २२ गते ।विकास नेपालको १७ औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ ।



साधारणसभाको पोखरा महानगरपालीका बडा अध्यक्ष प्रकाश पौडेलले उद्घाटन गदै उनले सामाजिक संस्थाले सरकारको लक्षलाई टेवा पुराउन सेतुको रुपमा काम गर्नु पर्ने वताए । विकास नेपालका अध्यक्ष डा बुद्धि बहादुर थापा,गैसस महासंघ गण्डकीका उपाध्यक्ष गोपाल खड्का, विकास नेपालका सल्लाकार शिव कोईराला,उपाध्यक्ष बिमला कुमारी केसी ,सचिव डा खड्क सिहं गुरुङ कोषाध्यक्ष पुष्प राज केसी लगाएतले बोलेका थिए । कार्यक्रमा संस्थाको प्रगति प्रतिवेदन तथा आर्थीक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

# कार्यसमितिद्वारा दोस्रो व्याडमिन्टन प्रतियोगिता आयोजना

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

पोखरा महानगरपालिका वडा नं. ५ द्वारा आयोजित सूर्यचन्द्र किवास समाजद्वारा व्यवस्थापन गरिने दोस्रो व्याडमिन्टन प्रतियोगिता शुक्रबारदेखि प्रारम्भ भएको छ ।

गण्डकी प्रदेश सांसद राजीव पहारीले प्रतियोगिता अफिसियल विजय शाहीलाई व्याडमिन्टन खेलको कर्क एवं नेट हस्तान्तरण गरेर प्रतियोगिता उद्घाटन गर्नुभएको थियो । पोखरा महानगर प्रवक्ता एवं वडा अध्यक्ष धन बहादुर नेपालीले वडा खेलकुदको नामले परिचित भएको र खेलाडीले व्यक्तित्व विकास गर्दै जिल्ला, प्रदेश, केन्द्र स्तरसम्म नाम राख्ने विश्वास व्यक्त गर्नुभयो । वडा नं. ७ का वडा अध्यक्ष रामचन्द्र बरालले खेलले खेलाडीको सम्बन्धलाई विकास गर्ने विचार राख्नुभयो ।

१६ टिम सहभागी खेलाडी रहेको सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय एवं वेष्ट प्लेयर हुने खेलाडीलाई रु.१५ हजार, १० हजार, ६ हजार र २ हजार नगद पुरस्कार सहित प्रमाणपत्रको व्यवस्था गरिएको छ ।

# शितला माविमा शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ असोज**

शितला माध्यमिक विद्यालय व्यवस्थापन समिति गलेम स्याङ्जाले शुक्रबार विजयादशमी तथा शुभ दीपावलीको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । सो अवसरमा फेदीखोला गाविसका अध्यक्ष धनश्याम सुवेदीले गाउँबाट बसाइसराई हुन नदिन गाउँपालिकाले शिक्षा, स्वास्थ्य र रोजगारीमा ध्यान दिनुपर्ने बताए । उनले भने - अहिले फेदीखोला गाविसले ४० प्रतिशत भन्दा वढी शैक्षिक क्षेत्रमा लगानी गरेको छ ।

फेदीखोला गाविसका उपाध्यक्ष देवी थापाले विद्यालयले विद्यार्थी संख्यामा भन्दा गुणस्तरीय शिक्षा प्रदान गर्न जोड दिनुपर्ने आवश्यकता प्रकाश पारिन भने साहित्यकार रवीन्द्र माकाजूले प्रतिस्पर्धाको नाउँमा शैक्षिक क्षेत्रलाई तहसनहस गर्न नहुने विचार व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेजर दिलबहादुर गुरुङको सभापतित्वमा भएको उक्त कार्यक्रममा फेदीखोला गाविस वडा नं. ४ का अध्यक्ष माधवप्रसाद सुवेदी, प्रधानाध्यापक तुलसीराम पौडैल, शिक्षासेवी कृष्णप्रसाद बराल, सिद्धार्थ सामुदायिक क्याम्पस फेदीखोलाका अध्यक्ष प्रेमप्रकाश गौतम, फेदीखोला गाविसका कार्यकारी अधिकृत चिरञ्जिवी बराल लगायतका वक्ताले शिक्षाको महत्वबारे प्रकाश पारेका थिए ।

**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाऱ्हो हुने भएकाले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# कोरोनाले बन्दीपुर केबलकार परियोजना दुई वर्षपछि धकेलियो

– कृष्ण न्यौपाने

दमौली, २२ असोज (रासस)

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन बन्दीपुर केबलकार परियोजना दुई वर्ष पछाडि धकेलिएको छ । विसं २०७५ साउन पहिलो साता शिलान्यास भई विसं २०७७ फागुन १ गते केबलकार सञ्चालन गर्ने लक्ष्य लिइए पनि कोभिड-१९ को प्रभावका कारण उक्त परियोजना दुई वर्ष पछाडि धकेलिएको हो ।

विसं २०७६ चैत दोस्रो सातादेखि कोभिड-१९ का कारण लकडाउन भएपछि परियोजनाको काम प्रभावित भएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो । अब विसं २०७९ फागुन १ गते बटम स्टेशनको सम्पूर्ण काम र केबलकारको सम्पूर्ण काम सकेर व्यावसायिक सञ्चालन गरिने शर्माले जानकारी दिनुभयो ।

"कोरोना कहरका कारण तोकिएको मितिमा काम सम्पन्न हुन सकेन", उहाँले भन्नुभयो, "अब आगामी वर्षको फागुन १ गतेदेखि केबलकार सञ्चालन गर्ने गरी कामलाई तीव्रता दिएका छौँ ।" कम्पनीले विसं २०७९ वैशाख १ गतेदेखि होटललगायत सम्पूर्ण पूर्वाधार प्याकेजसहित फुलफेजमा पर्यटन पूर्वाधार युक्त केबलकार परियोजना सञ्चालनमा ल्याउने रणनीति बनाएको थियो । माथिल्लो स्टेशनको बहुआयामिक चारतारे होटलसहितको निर्माण सम्पन्न गरी विसं २०८० असोज १ गते परियोजना मूल योजना सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

कम्पनीले त्यसभन्दा अगावै विसं २०७८ फागुन १ गते रेष्ट्रो जोन सञ्चालनमा ल्याउने भएको छ । "केबलकारभित्र रेष्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफआवर साँझ ५ देखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौँ", शर्माले भन्नुभयो । उहाँका अनुसार तल्लो र माथिल्लो स्टेशनमा रेष्टुरेण्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा सेवा दिन सकिनेछ । परियोजनाको कूल लागत रु दुई अर्ब १० करोड पुगेको छ। मोनोकेवल डिटाचवेल रोटेटिङ गोण्डोला प्रविधिमा आधारित १९ गोण्डालामार्फत प्रतिघण्टा ३०० यात्री बोक्न सक्ने क्षमता रहे पनि त्यसलाई विस्तार गरिएको छ । बजारको माग र चापका कारण यसलाई विस्तारित गर्दै २५ गोण्डोला मेटेरियल क्याविनसहित प्रतिघण्टा ५०० यात्रु बोक्ने र दैनिक १६ घण्टामाथि सेवा दिन सक्ने गरी अत्याधुनिक प्रविधि जडान गरी पूर्वाधार थप गरिने कम्पनीले जनाएको छ ।

यहाँ ल्याण्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ । बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडीः बन्दीपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ । यस गार्डेनभित्र बटम स्टेशनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ । यसले पर्यटकलाई लोभ्याउने विश्वास गरिएको शर्माले बताउनुभयो । यसैगरी वाटरपार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ । माथिल्लो स्टेशनमा नौतले चारतारे होटल बन्नेछ । यसअगाडि ६६ कोठा रहे पनि अब त्यसलाई बढाएर ८४ देखि १०० सम्ममा स्तरोन्नति गरिनेछ । होटललाई निश्चित समय र व्यवस्थापन पार गरेर चारतारेबाट पाँचतारे होटलमा रुपान्तरण गर्ने गरी रणनीतिक तयारी थालिएको कम्पनीका सञ्चालक तारानाथ उपाध्यायले जानकारी दिनुभयो ।

रु एक अर्ब अधिकृत पूँजी रहेको कम्पनीको जारी पूँजी रु ७५ करोड र चुक्ता पूँजी रु २० करोड रहेकामा त्यसलाई बढाएर रु ९० करोड पुऱ्याउने लक्ष्य लिइएको छ । आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्शन प्रालि, पन्चासे केबुलकार एण्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केवलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको हो । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो, जहाँ एक हजार १०० भन्दा बढी लगानीकर्ता छन् । ठूल्दुङ्गास्वाँराबाट बरालथोकसम्म जोडिने केवलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगर स्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ । ठूल्दुङ्गास्वाँराबाट सुरू हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ । केवलकारले एक किलोमिटर ६०० मिटर यात्रा गर्नेछ । कम्पनीले स्थानीयवासीलाई केबलकारको टिकटमा सहुलियत दिने भएको छ । स्थानीयवासीका लागि केबलकारमा सवार गरेवापत जीवनभरका लागि सुरुआतमा १० वर्षको अवधि रहने गरी लाइफटाइम फेयर घोषणा गरिएको छ । सो टिकटको मूल्य रु १० हजार तोकिएकामा परिवारका सबै सदस्यले टिकट बाहकका रूपमा पालैपालो प्रयोग गर्न सक्नेछन् । "यस्तो टिकट बिक्री गर्नका लागि कम्पनीले आगामी कात्तिक ५ गतेदेखि पुस मसान्तसम्म खुला गर्ने निर्णय गरेको छ", उपाध्यायले भन्नुभयो, "प्रत्येक वडालाई १५/१५ दिनको समयसीमा दिएर टिकट किन्ने सुविधा दिएको छ । यसैगरी वन समूहका सदस्यलाई २५ प्रतिशत, जग्गादातालाई ५० प्रतिशत र दृष्टिविहीन तथा ह्विलचियर प्रयोगकर्तालाई साधारण टिकटमा ५० प्रतिशत छुट दिइनेछ । अन्य अपाङ्गता भएका व्यक्तिलाई २५ प्रतिशत छुट दिने घोषणा गरिएको छ ।

# विसौनी दोहोरी नयाँ व्यवस्थापनका साथ सञ्चालनमा

पोखरापत्र संवाददाता

पोखरा, २२ असोज

पोखरा सिर्जनाचोकमा रहेको विसौनी दोहोरीसाँझ नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको छ ।

नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको यो दोहोरीसाँझको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा लोकसंगीत विभाग प्रमुख वरिष्ठ गायिका हरिदेवी कोइरालाले उद्घाटन गरिन् । नयाँ व्यवस्थापनका साथ सञ्चालनमा आएको दोहोरी साँझले व्यवसायिक सफलता प्राप्त गरोस् भन्दै गायिका कोइरालाले दोहोरी साँझ नयाँ प्रतिभालाई अवसर र पुराना प्रतिभालाई निखारता प्रदान गर्न सघाएको बताइन् ।

दोहोरी साँझमा पोखरा १९ का चन्द्र दर्नालको एकल लगानी रहेको छ । झण्डै डेढ करोडको लगानीमा दोहोरी साँझ र रेष्टुरेन्ट सञ्चालनमा ल्याउन लागेको व्यवसायी दर्नालले जानकारी दिए । 'तल्लो



तलामा दोहोरी साँझ सञ्चालन हुन्छ, टपमा रेष्टुरेन्ट, दुवैतीर गरेर झण्डै डेढ करोड लगानी गर्दैछु' उनले भने । यस अगाडि दर्नालले पोखराको दर्पणछाँया दोहोरी साँझमा लगानी गरेका थिए । दोहोरी साँझमा गुणस्तरीय परिकारको साथमा पारिवारिक वातावरणमा दोहोरीको मज्जा लिन पाइने सञ्चालक दर्नालको दावी छ । शुभारम्भको अवसरमा दोहोरीसाँझले पत्रकार राजाराम पौडेल सम्मान गरेको छ । पत्रकार पौडेललाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा लोकसंगीत विभाग प्रमुख वरिष्ठ गायिका हरिदेवी कोइरालाले सम्मान गरेकी हुन् । पत्रकारिताको माध्यमबाट लोकसंगीतको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको सञ्चालक दर्नालले बताए । रेडियो अन्नपूर्णमा आवद्ध पत्रकार पौडेल रंगपत्रकारिता क्षेत्रमा क्रियाशिल छन् ।

व्यवसायबाट प्राप्त भएको नाफाको केही हिस्सा असाहय तथा गरिब व्यक्तिको लागि छुट्याउने सञ्चालक दर्नालले खुलाए । लोक संगीत प्रतिको मायाका कारण ट्याक्सी ड्राइभरबाट दोहोरी साँझ तर्फ यात्रा मोडिएको उनले सुनाए । '२०६२ चैत्रबाट मैले ट्याक्सी ड्राइभरको काम गरे, मलाई लोक संगीत ज्यादै मनपर्छ, स्वदेशमानै केही गर्नुपर्छ भन्ने मान्यता मेरो हो, त्यसपछि दोहोरी साँझ तर्फ लगानी गर्न आए, दोहोरी व्यवसायमा मेरो आगमन भएको ५ वर्ष भयो' दर्नालले भने ।

दोहोरी साँझमा जीवन दाहाल, लक्ष्मी नेपाली, राम्जी पौडेल, माया केसी लगायतका कलाकारको नियमित प्रस्तुती रहनेछ ।

बेला-बेलामा राष्ट्रिय स्तरका अतिथि कलाकार बोलाएर लोक संगीतप्रेमीको सांगीतिक तृष्णा मेटाउने तयारी दोहोरी साँझले गरेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका सचिव समेत रहेका लोकदोहोरी गायक जीवन दाहालले बताए ।

रेष्टुरेन्ट मार्फत दिने सेवा बिहान ८ बजेबाट र दोहोरी साँझबाट दिइने सुविधा साँझ ७ बजेबाट नेपाल सरकारले तोकेको समय अनुसार प्रदान गरिनेछ ।

# मुस्ताङबाट १२ हजार भेडा-च्याङ्ग्रा निकासी

रासस

बेनी, २२ असोज

दसैँलाई लक्षित गरी हिमालपारिको जिल्ला मुस्ताङबाट करिब १२ हजार भेडाच्याङ्ग्रा निकासी भएका छन् । तिब्बतबाट भेडाच्याङ्गा नआएपछि विगतको तुलनामा झण्डै आधाको सङ्ख्यामा भेडाच्याङ्ग्रा निकासी भएका हुन् । अघिल्ला वर्षमा २० देखि २५ हजारको सङ्ख्यामा भैंडाच्याङ्ग्रा निकासी हुँदै आएका थिए ।

निकासी भएका सबै भेडाच्याङ्ग्रा मुस्ताङमै उत्पादन भएको र करिब १२ हजारको हाराहारीमा जिल्लाबाट निकासी भएको पाइएको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र मुस्ताङका अधिकृत ऋषिराम पोखरेलले जानकारी दिनुभयो । "स्वास्थ्य परीक्षणमा जम्मा तीन हजार ५६० पुगेको छ, व्यापारीले सङ्ख्या घटाएर टिपाएको भए पनि जिल्लाको नाकाबाट बाहिरिएको रिपोर्टमा १२ हजारको सङ्ख्यामा भेडाच्याङ्ग्रा निकासी भएका छन्", उहाँले भन्नुभयो । पशु



चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउँदा प्रतिगोटा रु १५ शुल्क तिर्नुपर्ने भएकाले समेत व्यापारीले आधाको मात्रै सङ्ख्या टिपाउने गरेको पाइएको छ । भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले थासाङ गाउँपालिका, बङ्गुर जोन र धवलागिरि प्राविधिक शिक्षालयका पशु चिकित्सकसँग समन्वय गरेर भेडाच्याङ्गाको स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाएको थियो ।

कार्यालयका अनुसार यस वर्ष मुस्ताङबाट ठूलो सङ्ख्यामा च्याङ्ग्रा र थोरै सङ्ख्यामा भेडा निकासी भएका छन् । यस वर्ष तिब्बतबाट भेडाच्याङ्ग्रा आयात नभएका र मुस्ताङका घुम्ती गोठ तथा खोरपालेले उत्पादन गरेका भेडाच्याङ्ग्राले माग नधान्ने भएपछि कृषक र बीचका व्यापारीले मूल्य बढाएका छन् । गत वर्षको तुलनामा मुस्ताङमै प्रतिगोटा रु पाँचदेखि १० हजारसम्म मूल्य बढेको व्यापारीले बताएका छन् । जोमसोम पुगेर २०० च्याङ्ग्रा खरिद गरी ल्याएका सिन्धुपाल्चोकका अमरबहादुर ठकुरीले अघिल्लो वर्षको तुलनामा प्रतिगोटा रु पाँचदेखि ११ हजारसम्म मूल्य बढी तिर्नुपरेको बताउनुभयो ।

"अघिल्लो वर्ष प्रतिगोटा रु २५ हजारसम्ममा खरिद गर्थ्यौं, यस वर्ष रु ३५ हजारसम्म परेको छ, पोखरासम्म पुऱ्याएर बिक्री गर्दा रु ४० हजारसम्ममा बिक्री गर्ने हो", ठकुरीले भन्नुभयो । यस वर्ष डोल्पाबाट आएका चार हजार र बाँकी आठ हजार भेडाच्याङ्ग्रा मुस्ताङको लोमान्थाङ, छोसेर, छोण्हुप, सुर्खाङ, कागबेनी, झोङ, घमी, चराङलगायत स्थानका किसानले पालेका भेडाच्याङ्ग्रा बजारमा भित्र्याइएको छ ।

म्याग्दी, पर्वत, बागलुङ, कास्की, बुटवललगायत क्षेत्रबाट मुस्ताङ पुगेका व्यापारीले भेडाच्याङ्ग्रा बजारमा ल्याइसकेका छन् । बजारमा रोजा भेडाच्याङ्ग्रालाई रु ४५ हजारसम्म पर्ने गरेको छ । उच्च हिमाली भेगमा पालन गरिएका भेडाच्याङ्ग्राले विषेश गरी लेकाली जडीबुटी खाने भएकाले दसैं-तिहारजस्ता पर्वमा पोसिलो मासुका रूपमा मुस्ताङका भेडा-च्याङ्ग्राको माग बढी हुने गर्दछ ।

# हराउन थाले रातो माटो र कमेराले लिपपोतका चलन

रासस

म्याग्दी, २२ असोज (रासस)

बडादसैं घर आँगनमा भित्रिइसकेको छ । पितृपक्ष समाप्त भएर नवदुर्गा आरम्भ हुनेवित्तिकै दसैं सुरुआत हुने गर्दछ ।

दसैं सुरु हुनेवित्तिकै गरिने पहिलो काम भनेको घर आँगनको लिपपोत र सरसफाइ हो । रातो माटो र कमेराले लिपपोत गरेर चिटिक्क पारिएका घरमा जमरा राखेसँगै दसैंको उत्सव सुरु हुने गर्दछ । विगत केही वर्षयता रातोमाटो र कमेराले घर लिपपोत गर्ने चलन हराउँदै गएपछि रातोमाटो र कमेराका मड्किना (माटो निकालिने ठाउँ) पुरिँदै गएका छन् ।

गाउँमा विकास र सुविधासँगै आधुनिकताको प्रभाव बढ्दै गएपछि रातो माटो र कमेराले घर लिपपोत गर्ने चलन हराउँदै गएको छ । ग्रामीण भेगका अधिकांश घर पनि सिमेन्टले प्लास्टर गरेर लिपपोत गर्नै नपर्ने किसिमका बनाइएका छन् । बजारमा आयातित रङ किनेर घर रङ्गाउने चलन शुरु भएपछि कमेरो र रातोमाटोले घर पोत्ने चलन हराउँदै गएको बेनी नगरपालिका-२ बगरफाँटका ८५ वर्षीय बाबुराम उपाध्यायले बताउनुभयो ।

एक समय थियो, दसैं भित्रँदै गर्दा रातो माटो र कमेरोले घर, आँगन लिपपोत गरी घर चिटिक्क बनाइन्थ्यो । गाउँका सबै मिलेर घरसम्म पुग्ने गोरेटो खनिन्थ्यो । बाबियोले बाटेको लिङ्गे पिङ र स्थानीय काठबाट निर्माण गरिन्थ्यो, रोटेपिङ लगाइन्थ्यो, अनि गाउँभरिका सबै भेला भएर रमाउने गरिन्थ्यो । अहिले यी सबै चलन हराउँदै गएकाले दसैंको मौलिकता नै नासिएको स्थानीय वृद्धवृद्धाको भनाइ छ । दसैंमा घर लिपपोत गर्नका लागि रातोमाटो र कमेरो लिन दुई तीन दिनको बाटो हिँडेर बेनी -२ मा पर्ने रत्नेचौर र सारेमारेमा जिल्लाभरिका महिला तथा पुरुषको भीड लाग्ने गर्दथ्यो । दसैं सुरु हुनुभन्दा चार/पाँच दिनअघिदेखि नै रातो माटो र कमेराका मड्किनामा स्कुलका विद्यार्थीदेखि लिएर गृहिणीको भीडले माटो र कमेरो निकाल्न पालो कुर्नुपर्थ्यो ।

अहिले रत्नेचौर र सारेमारेका मड्किनामा माटो लिन आउनेको सङ्ख्या नगण्य रहेको स्थानीय हेमकुमारी सापकोटाले बताउनुभयो । यसैगरी दसैंका लागि आवश्यकपर्ने चिउरा, चामल आदि खाद्यान्न ढिकीजाँतोमा कुट्ने, पिध्ने गरिन्थ्यो । अहिले यी सबै चलन हराउँदै गएका छन् । गाउँघरमा ढिकी, जाँतोका आवाज सुनिन छाडेको छ । यस्ता साधनमा अन्न कुट्ने पिध्ने चलन हराएको छ । ढिकी, जाँतोदेखि नै छाडेका छन् । दसैं पहिलेकोभन्दा महँगो र पृथक बन्दै गएको ज्यामरुककोटका रामकृष्ण घिमिरेले बताउनुभयो ।

"रातो माटो र कमेरोले लिपपोत गर्ने घरमा अहिले आयातित विभिन्न कलर (रङ) लगाउन थालिएको छ । प्रत्येक घरबाट एक/एक सदस्य अनिवार्य उपस्थित भएर श्रमदान गरी गरिने बाटोघाटोको सरसफाइ गर्न छोडिएको छ ।

गोरेटोबाटो पुरिँदै गएका छन्, मोटरबाटो डोजर लगाएर सफा गर्न थालिएको छ । त्यस्तै पिङ लोप हुँदै गएका छन् । दसैंका लागि आवश्यकपर्ने सम्पूर्ण खाद्यान्न बजारमै पाइने हुँदा ढिकी, जाँतोमा कुटानीपिसानी गर्न छोडिएको छ । दसैंको मौलिकता नै हराउँदै गएको छ", रणबाङका पं हरिकृष्ण पौडेलले भन्नुभयो । मौलिकतालाई छोड्दै र आधुनिकतालाई पछ्याउँदै जान थालिएपछि दसैं पनि महँगो बन्दै गएको स्थानीयको बुझाइरहेको छ । पहिला पहिला रैथाने साधन, स्रोत, सीप र प्रविधिमा दसैं मनाइन्थ्यो भने अहिले आयातित साधन, स्रोत, सीप र प्रविधि अपनाइएका कारण सर्वसाधारणका लागि दसैं दशा बन्न थालेको बुद्धिजीवीले बताएका छन् ।

रातोमाटो र कमेरोले घर पोत्दा, नयाँ कपडा, पिङ, गाउँभरिका सबै मिलेर गोरेटो सरसफाइ गर्दा त्यो बेला दसैंको आभास हुने गरेको थियो । अहिले यी सबै कुरा हराउँदै जाँदा पुरानो मैलिकता नै लोप हुँदै गएको र रमाइलो कम हुँदै गएको छ ।

# दसैँमा माटो पनि बिक्री हुन्छ !

रासस

बागलुङ, २२ असोज

दसैँको छेकोमा किनमेलले बजार तातेका बेला बिहीबार बागलुङ नगरपालिका-३ मा भने भिन्न दृश्य देखियो । साँझ छिप्पिनै आँटेको थियो । महिला कोही रातो माटो खन्दै थिए, कोही थैलामा भर्दै ।

नवरात्रको पहिलो दिन रातो माटो बेच्न उनीहरुले दिनभर सडक कुरे । मध्यपहाडी लोकमार्ग भएर आउजाउ गर्ने सवारीका चालक र यात्रुलाई माटो बेचे । बागलुङ बजार कटेपछि रातामाटा, मुलपानी, खहरेदेखि अछेतेसम्मै सडक छेउछाउ रातो माटो देखिन्छ । बर्सेनि दसैँमा त्यस आसपासका महिला रातो माटो बेच्न तम्सिन्छन् । लोकमार्ग किनारमा खसेका पहिरा र ढिस्काबाट रातो माटो झिक्छन् । घरकै कान्छोबुबाको जग्गाबाट खसेको पहिराबाट माटो झिकेर बेचेको पूजा विश्वकर्माले सुनाउनुभयो । "पहिराको माटो मात्र बेच्न पाइन्छ, अन्त खन्न मिल्दैन", उहाँले भन्नुभयो । उहाँसहित तीन महिलाले विगत छ दिनदेखि रातो माटो बेच्दै आएका छन् । चामलको



थैला बराबरको माटो रु २०० मा बेच्ने गरिएको विश्वकर्माले बताउनुभयो । कसैलाई घटाएर पनि बेच्नुपरेको उहाँको भनाइ छ । एक जनाको कमाइ दैनिक रु एक हजार ५०० देखि दुई हजारसम्म निक्लने गर्छ ।

रातो माटो बेचेर दसैँ खर्च जोहो गर्ने गरिएको सोही ठाउँकी अविसा सुनारले बताउनुभयो ।"यहाँबाट नजिकका गाउँदेखि गलकोट, बुर्तिबाङसम्म रातो माटो जान्छ", उहाँले भन्नुभयो, "गाडीका चालकले माटो बनाएर राख्दिनुस्, हामी लान्छौँ भनेपछि खनेर बेच्न थालेका हौँ, ढुङ्गा चालेर बोरामा भरेर दिन्छौँ ।" त्यस क्षेत्रका कैयन महिला रातो माटो बेचेर दसैँमा मिठामसिनो र लुगाफाटा किन्छन् । सुनारले आफ्ना आमा दिदीहरुले पनि माटो बेच्ने गरेको बताउनुभयो । फुर्सदलाई सदुपयोग गरेर रातो माटो बेच्ने गरेको उहाँको भनाइ छ । रातो माटोको खोजी दसैँ, तिहारमा मात्र हुन्छ । रातो माटो पाइने भएपछि टाढाका गाउँलेले सवारी चालकलाई किनेर ल्याइदिन भन्छन् । कतिपय यात्रु आफैँले पनि माटो किनेर लान्छन् । चाडपर्वमा घर पोत्न रातो माटोको प्रयोग हुन्छ । पहिलेपहिले झैँ कमेरो र राता माटोले घर रङ्गाउने चलन भने घट्दै गएको छ ।

पक्की घर बन्न थालेपछि लिपपोतमा माटोको प्रयोग कम भएको हो । गाउँमा रहेका पुरानै शैलीका घरमा पनि अहिले सिमेन्ट र रङ लगाउन थालिएको छ । आधुनिक विकासले परम्परालाई ओझेलमा पारिदिएको छ । रातमाटा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष वैकुण्ठप्रसाद सापकोटाले रातो माटो पाइने भएकाले ठाउँको नामै रातमाटा राखिएको बताउनुभयो । सदरमुकाम माथिपट्टि उक्त गाउँ छ । "यहाँका छोरीचेलीले घर जाँदा रातो माटो लिएर जाने चलन थियो", अध्यक्ष सापकोटाले भन्नुभयो, "पहिले किनेबेच हुँदैनथ्यो, अहिले कहीँकतै त्यस्तो छ ।" पहिराको जोखिम हुने भएकाले वन क्षेत्रमा भने माटो खन्न प्रतिबन्ध लगाइएको छ । खतरा नभएका सीमित ठाउँलाई गाउँलेले माटो खन्नका लागि तोक्ने गरेका छन् । बढीजसो पहिरा खसेर थुप्रिएका ठाउँबाट रातो माटो निकाल्ने गरिएको छ ।